# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालद्वारा पाल्पा महोत्सव-२०७३ को समुद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले २०७३ फागुन १२ गते पाल्पा उद्योग वाणिज्य संघद्वारा आयोजित **पाल्पा महोत्सव-२०७३** को समुद्घाटन गर्नु भयो ।




उक्त कार्यक्रमलाई सम्बोधन गर्नुहुदै गभर्नर डा. नेपालले आर्थिक क्षेत्रलाई चलायमान गराउने आर्थिक क्षेत्रको संवाहक निजी क्षेत्र भएकोले मुलुकमा रोजगारी सिर्जना गर्नुको साथै औद्योगिक विकासको माध्यामबाट सबल, गतिशील एवम् उत्पादनमुखी अर्थतन्त्र निर्माणमा उद्योग वाणिज्य संघको भूमिका महत्वपूर्ण हुने विचार व्यक्त गर्नु भयो । नेपालको आर्थिक क्षेत्रलाई समृद्ध बनाउन आन्तरिक उत्पादनमा जोड दिनुपर्ने अति आवश्यक भएको बताउनु हुँदै गभर्नर डा. नेपालले तुलनात्मक लाभ भएका उच्च गुणस्तरीय वस्तुहरू उत्पादन र निर्यात गरी व्यापार घाटा कम गर्नेतर्फ लाग्नुपर्ने बताउनु भयो । नेपालको कुल गार्हस्थ उत्पादनको झण्डै एक तिहाइ हिस्सा कृषि क्षेत्रको रहेको, करिब दुई तिहाइ जनसंख्या कृषि पेशामा संलग्न रहेको, हाम्रो देशमा विदेशबाट ठूलो परिमाणमा खाद्यान्न लगायत फलफूल तथा तरकारी लगायतका कृषिजन्य वस्तुहरूको आयात हुनु अत्यन्त दुःख लाग्दो स्थिति रहेको बताउनु भयो । नेपालको अहिलेको कूल जनसंख्यामा युवाहरूको हिस्सा उल्लेख्य रहेको चर्चा गर्नु हुँदै गभर्नर डा. नेपालले आर्थिक क्रियाकलाप विस्तारका लागि यस्तो श्रमशक्तिलाई उपयोग गर्दै आर्थिक विकास गर्नुपर्ने धारणा व्यक्त गर्नु भयो । विगतका वर्षहरूमा अर्थतन्त्र शिथिल रहेकोले वित्तीय क्षेत्रमा अधिक तरलता रहेकोमा चालु आर्थिक वर्षदेखि आर्थिक गतिविधि विस्तार भई अर्थतन्त्रले गति लिएको छ । यस अवस्थामा बैंक तथा वित्तीय संस्थाहरूले निक्षेप परिचालन र कर्जा लगानी बीच सन्तुलन मिलाउन नसकेको कारण तरलतामा केही चाप परेको भएतापनि मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा मार्फत त्यसलाई सम्बोधन गरिएको बताउनु भयो ।

अन्त्यमा, उहाँले उक्त महोत्सवको पूर्ण सफलताको कामना व्यक्त गर्नुभयो ।

२०७३ फागुन १२, बिहीबार

भर्नरको कार्यालय